# सा‍ल्पासिलिछो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौकिडाँडा, भोजपुर
## कोशी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं. :

मिति : २०८२/१२/०८
ने. सं.: ११४६ कछलागा द्वादशी

**गणक पदपूर्ति सम्बन्धि सूचना ।।।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०८ गते**

साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८२/०८३ को वार्षिक स्वीकृत संघीय शशर्त अनुदान अन्तर्गत गरिब परिवार पहिचानको लागि तथ्याङ्क संकलन कार्यक्रम सञ्चालनको लागि **"गरिब परिवार परिचय पत्र वितरण कार्यविधि, २०७९"** को अधिनमा रही देहाय बमोजिमको योग्यता पुगेका साल्पासिलिछो गाउँपालिकाको प्रत्येक वडा भित्रका इच्छुक नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसीलः**

| विज्ञापन नं. | सेवा/समूह/पद | माग पद संख्या | सेवा अवधि |
|---|---|---|---|
| SSRM/०६/२०८२/०८३ | गरिब परिवारको तथ्याङ्क संकलनकर्ता गणक | ६ (छ) | जिम्मेवारी तोकिएको वडा भित्रको तथ्याङ्क संकलन अवधिभर |

१) छनौटको किसिमः अन्तरवार्ता

२) योग्यता र अनुभवः
- ✓ मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा **१०+२** वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएको ।
- ✓ **कम्प्युटर** चलाउन जान्ने र **एन्ड्रोइड** फोन भएको ।
- ✓ सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको ।
- ✓ यस अघि तथ्याङ्क सङ्कलन कार्यमा संलग्न भएको व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः
- ✓ व्यक्तिगत निवेदन ।
- ✓ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- ✓ पासपोर्ट साइजको फोटो २ प्रति ।

४) उमेरको हदः**१८** वर्ष पुरा भई **४५** वर्ष ननाघेको ।

५) दरखास्त दिने अन्तिम मितिः **२०८२/१२/१५** गते कार्यालय समय भित्र वा सो दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र ।

६) कार्यक्षेत्रः साल्पासिलिछो गाउँपालिका अन्तर्गतका **६ वटै वडाहरू** ।

७) दरखास्त पेश गर्ने स्थानः साल्पासिलिछो गाउँपालिकाको कार्यालय वा गाउँपालिकाको इमेल ठेगाना salpasilichhoruralmunicipality@gmail.com मा आवश्यक कागजात **PDF File** बनाई पठाउन समेत सकिनेछ ।

८) तलब तथा सेवा सुविधाः
- ✓ प्रति घरधुरी तथ्याङ्क संकलन गरेवापत रकम रु. **७५** रुपैयाँ ।
- ✓ सञ्चार खर्च एकमुष्ट रु. ७००/-
- ✓ यातायात तथा खाजा खर्च प्रति **१२** घरधुरी तथ्याङ्क संकलन गरेवापत रकम रु. १००/-

२०८२/१२/०८

निरज अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत